Nepali نيبالية

# 3 एकेश्वरवादका प्रकारहरू:

अल्लाह तआलाले जुन कार्यहरु आफ्नो लागी खास गर्नु भएको छ र हरेक प्रकारको उपासना अराधना भक्ति र पूजापाठ जुन अल्लाहले आफ्नो लागी अनिवार्य गर्नु भएको छ ती सबैमा अल्लाह लाई एक मान्नु यसैलाई तौहिद भनिन्छ।

यसलाई तीन भागमा भिवाजित गरिएको छ:

### तौहीदे अस्मा व सिफात (म र गुणहरु बारे अल्लाहको एकत्व)

अल्लाह तआलाले आफ्नो जुन नाम राख्नु भएको छ र आफ्नो जुन महान गुण र विशेषताहरु बताउनु भएको छ वा अल्लाहको सन्देष्टा मुहम्मद मुड़ ले अल्लाहको जुन नाम, र महान र सर्वत्तम गुण र विशेषताहरु को ब्याख्या गरेका छन् ति सबै नाम र गुणहरु माथि यस्तो विशवास राख्नु जस्तो अल्लाहको लागि उचित सुहाँदो र उपयुक्त छ, कुनै किसिमको हेरफेर परिवर्तन र अदलाबदली अथवा घटथप नगर्नु, तिनीहरु लाई न नकारनु, नत आफ्नो मनमानी तपसिल र विवरण स्पष्ट गर्नु, त्यस्तै अल्लाहका गुण र विशेषताहरुलाई मानिसहरुको गुण र विशेषताहरु जस्तै न सम्झनु।

### तौहीदे उलूहियत (पूज्यमा एकत्व)

यो विशवास राख्नु कि हरेक प्रकारको उपासना अराधना भक्ति र पूजापाठ मात्र एक अल्लाहको लागि गर्नु पर्छ, र उहाँको भक्ति र पूजापाठमाअरु कसैलाई साझेदार बनाउनु हुदैन।

### तौहीदे रुबूवियत (प्रभुत्वमा एकत्व)

तौहीदे रुबुबियत यसको अर्थ हुन्छ:सृष्टि र संसारको हरेक शासनमा अल्लाहलाई एक मान्नु र यो विश्वास राख्नु कि जीवीका र आहार प्रदान गर्नुको मालिक अल्लाह नै हुनुहुन्छ।

# दीनका तीन वर्गहरू:

### अनुग्रह

सर्वशक्तिमान् अल्लाहको यसरी उपासना गर्नुपर्छ कि यदि तपाईले अल्लाहलाई देख्नुभएको छ र यदि तपाईले उहाँलाई देख्नुभएको छैन भन उहाँले तपाईलाई अवश्य देख्दै हुनुहुन्छ।

अनुग्रहको एक मात् खण्ड छ, र यसको अन्तर्गत दुई वर्गहरू छन्।

१. मुसाहदा (दर्शन): तपाईले अल्लाहलाई देख्दै हुनुहुन्छ जस्तो गरी पूजा र उपासना गर्नुपर्छ।
२. सतर्क आराधना: यदि तपाईले उहाँलाई हेरिरहनुभएको छैन भने, उहाँले निश्चित रूपमा तपाईलाई हेर्दै हुनुहुन्छ।

### इमान

जिब्रोले स्वीकार गर्नु, हृदयमा विश्वास राख्नु, शरीरको अंगले कर्म गर्नु। विश्वास (इमान) राम्रो कर्मले बढ्छ र खराब कर्मले घट्छ।

विश्वासको स्तम्भहरू: 6

१. अल्लाह माथि आस्था राख्नु।
२. उहाँका फरिश्ताहरु माथि आस्था राख्नु।
३. उहाँका पुस्तकहरूमा आस्था राख्नु।
४. उहाँका दूतहरूमा आस्था राख्नु ।
५. अन्तिम दिनमा आस्था राख्नु।
६. राम्रो र खराब भाग्यमा आस्था राख्नु।

### इस्लाम

सर्वशक्तिमान अल्लाह माथि मात्र आस्था राखेर, उहाँको सामु झुक्नु, उहाँको आज्ञापालन गर्नु र आत्मसमर्पण गर्नु र शिर्क द्खि टाडा रहनु।

ईस्लाम को स्तम्भहरु: 5

१. गवाहि दिनु।
२. नमाज पढ्नु।
३. जकात दिनु।
४. रमजानको बर्त बस्नु।
५. हज गर्नु।

# 4 वर्जित कामहरुको प्रकार:

### सगिरा गुनाह (सानो पाप)

(यो ठुलो अपराध भन्दा सानो छ) इस्तिगफार गरेर क्षमा माग्दा सानो पाप माफ हुन्छ, र बारम्बार सानो पाप गर्दा कबीरा पापमा परिणत हुन्छ। अगमवक्ता सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: 'पापलाई सामन्य नठान्नु होशियार हुनुहोस् किनकी यसले मानिसमा जम्मा भएर उसलाई नष्ट गर्छ'।

### कबिरा गुनाह (ठुलो पाप)

प्रत्येक पाप जसको लागि निश्चित सजाय तोकिएको छ) जस्तै जादू, आमाबाबुको अवज्ञा, ब्याज लिने, समलिङ्गी हुनु, झूट बोल्नु, मदिरा पिउनु, चोरी गर्नु, गिल्ला गर्नु, बिना कारण निर्दोषको ज्यान लिनु, अनाथको सामान खानु आदि।

### शिर्क-ए-अस्गर (सानो शिर्क)

(यसले इस्लाम धर्मबाट निष्कासन गर्दैन, ठुलो पापहरूमध्ये यो सबैभन्दा ठूलो पाप हो) जस्तो कि कसैले अल्लाहले जे चाहन्छ र तपाईले चाहानुहुन्छ भन्नुहुन्छ, गैरुल्लाहको कसम खानु, शिर्कमा आधारित जन्तर झुण्डाउनु, हातमा रेखाहरू पढ्ने र शंखहरू झुण्ड्याउने आदिले सुरक्षा दिन्छ वा नराम्रो नजरबाट बचाउँछ भन्ने बुझेर।

### शिर्क-ए-अकबर (ठूलो शिर्क)

यसले इस्लाम धर्मबाट निष्कासन गर्नेछ, यदि यस अवस्थामा मर्नुभयो भने कहिल्यै माफ गरिने छैन। यो गर्ने व्यक्तिले अरूलाई अल्लाह जस्तै बनाउँछ र अल्लाहसँग प्रार्थना गरे जस्तै उहाँसँग प्रार्थना गर्दछ, वा उहाँसँग डराउँछ, वा उहाँमा आशा राख्छ, वा उहाँलाई प्रेम गर्दछ, वा उहाँको लागि कुनै प्रकारको उपासना गर्दछ।